# REGIONAL NEWS
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS

18:40hrs 25.09.2024

---

## Vehicle Movement Restriction

दैनिक रूपमा सड़क मार्गको प्रयोग गर्ने मानिस तथा वाहनहरूको सुरक्षालाई ध्यानमा राख्दै सुगम सड़कका लागि च्याखुङदेखि गेलिङ विद्यालयसम्मको सड़क मार्गको स्तरवृद्धिको कार्य शुरू गरिएको छ।

यस विषयमा आज सोरेङ जिल्लाका पुलिस महाअधीक्षकको कार्यालयले एउटा सूचना जारी गर्दै भनेको छ, यस मार्गमा अधिक भार भएका वाहनहरूको आवागमनलाई पूर्णरूपमा प्रतिबन्द गरिएको छ।

आजदेखि आगामी दश अक्टोबलसम्म यो मार्ग बन्द रहनेछ, जसअवधि अधिक भारयुक्त वाहनहरूले अप्पर गेलिङदेखि नयाँ बजारहुँदै गेजिङ विद्यालय सड़क पुग्नुपर्नेछ।

यसैगरी, लिङखिम फाटकदेखि प्यूरेटार सड़क मार्गको स्तरवृद्धिको कार्यलाई ध्यानमा राखेर आजदेखि दश अक्टोबरसम्म यस मार्गबीच अधिक भारयुक्त वाहनहरूको आवागमनलाई पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ। यस अवधि यी वाहनहरूले दश माइल ओख्रे SPWD सड़कबाट छाङबा गाउँ PMGSY मार्ग भएर गुड्नुपर्नेछ।

--------------------------------------X--------------------------------------

## DC Meeting

राज्यपाल श्री ओमप्रकाश माथुरको निर्देशनमा लाचेन र लाचुङ मार्गलाई पर्यटनका लागि खोलिनुपर्ने विषयमा छलफल गर्न आज मंगनको जिल्ला प्रशासनिक केन्द्रस्थित सम्मेलन कक्षमा बैठक बस्यो।

बैठकको अध्यक्षता गर्दै जिल्लाधीश श्री अनन्त जैनले मंगन जिल्लामा पर्यटन व्यवसायलाई पुनः खोल्ने विषयसित सम्बन्धित सम्भावना र चुनौतीबारे चर्चा गर्नुभयो।

अवगत गराइन्छ, राज्यपालको हालैको भ्रमणमा पिपोन्स र जुम्सा सदस्यहरू लगायत स्थानीय प्रतिनिधिहरूले गत वर्षको हिमनदी विस्फोट र पहिरो साथै यस वर्षको शुरूमा परेको अविरल वर्षाका कारण पर्यटन क्षेत्रमा भएको बाधापछि झेल्नुपरेको आर्थिक नोक्सानीको बारेमा चिन्ता व्यक्त गरेका थिए। यो बैठकको लक्ष्य पर्यटनमाथि निर्भर पर्ने समुदायलाई पर्न गएको आर्थिक प्रभावमाथि सम्बोधन गर्नु रहेको थियो।

श्री जैनले सड़क मार्ग पुनः खोलिएपछि पर्यटकहरूलाई सवारी साधनको प्रभावकारी व्यवस्थापनमा सहयोग पुऱ्याउन आफ्नो यात्राको एक दिनअघि गान्तोकस्थित तीन माइल चेक पोस्टबाट अनलाइन मार्फत अग्रिम अनुमति प्राप्त गर्ने सल्लाह दिनुभएको छ। उहाँले कुनै पनि अप्रत्याशित समस्यालाई रोक्न सही ढङ्गमा बनाइनुपर्ने योजनाको आवश्यकतामा जोड दिनुभयो।

---------------------------------------x---------------------------------------

## Commissioner visiting WPF Martam

जैव खनन फोहोरको प्रगतिको मूल्यांकन गर्न र नयाँ फोहोर प्रशोधन एकाईका लागि उपयुक्त स्थानको पहिचान गर्न आज शहरी विकास विभागका आयुक्त एवं सचिव श्री जितेन्द्र सिंह राजेले मार्तामिमा फोहोर प्रशोधन सुविधा केन्द्रको भ्रमण गर्नुभयो।

यस अवधि एकीकृत सुविधाका लागि उचित सम्भावित समाधानहरू पत्तो लगाउन र शून्य फोहोरको लक्ष्य प्राप्त गर्ने विषयमा व्यापक चर्चा भयो। यस पहलले फोहोरको प्रभावकारी व्यवस्थापन र टिकाउ अभ्यासप्रति सिक्किमका अधिकारीहरूको प्रतिबद्धतालाई दर्शाएको छ।

---------------------------------------x---------------------------------------

## Buyer Seller Meet

गान्तोकस्थित एउटा होटलमा आज क्रेता-विक्रेता तथा उद्यमशिलता विकास कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको आयोजना बजार व्यवस्थापन र सिक्किमबाट विशेषज्ञहरूलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ क्षेत्रीय मसाला बोर्ड कार्यालय, गान्तोकले गरेको हो।

कार्यक्रमका मुख्य अतिथि कृषि मन्त्री श्री पुरण कुमार गुरूङले सिक्किममा ठूलो अलैंचीको घट्दो उत्पादमाथि चिन्ता व्यक्त गर्दै सबै हितधारकहरूसित राज्यको गौरव फर्काइ ल्याउन मिलेर काम गर्ने आग्रह गर्नुभयो। श्री गुरूङले कृषि र बागवानी क्षेत्रमा मुख्यमन्त्री संधै उत्सुक रहने गरेको बताउँदै भन्नुभयो, राज्यको उत्पाद र उत्पादकत्वलाई वृद्धि गर्न सबै एकजुट भएर अघि आउनुपर्छ। मन्त्रीले भन्नुभयो, सिक्किमको जैविक उत्पादलाई Global brand बनाउनुपर्छ, जुन राज्यका मुख्यमन्त्रीको सपना रहेको छ।

---------------------------------------x-------------------------------------

## Poshan Maah

क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थान, गान्तोकले आज रानीपुलस्थित सशस्त्र सीमा बल शिविरको सहयोगमा सातौं राष्ट्रिय पोषण माह तथा स्वच्छता पखवाड़ाको अवसरमा विरूवारोपण कार्यक्रम आयोजन गऱ्यो। यस पहलमा पर्यावरणीय स्थिरता र जन स्वास्थ्य जागरूकता दुवैमाथि जोड़ दिइयो। सशस्त्र सीमा बलका उपमहानिरीक्षक श्री बलवन्त सिंहको विशेष उपस्थितिमा सम्पन्न कार्यक्रममा पचासभन्दा अधिक जवानहरूले भाग लिए।

यस अवधि टर्मिनालिया चेबुला, टर्मिनालिया बेलिरिका लगायत साट्ठी प्रजातिका औषधीका विरूवाहरू रोपियो। यी विरूवा राज्य औषधीय वनस्पती बोर्ड, वन एवं पर्यावरण विभागद्वारा प्रदान गरिएको हो।

यो कार्यक्रम सिक्किम राज्य महिला आयोगले पनि राष्ट्रिय महिला आयोग, नयाँ दिल्लीसितको सहकार्यमा पालन गऱ्यो।

---------------------------------------X---------------------------------------

## Antyodaya Diwas

कृषि विभागले सिसको ब्याङ्कसितको सहकार्यमा आज अन्तोदय दिवसमाथि एक दिवसीय वित्तीय साक्षरता शिविर तथा Soil Health Card वितरण शिविरको आयोजना गऱ्यो। आकांक्षी खण्ड कार्यक्रमअन्तर्गत च्याखुङ्मा आयोजित समारोहमा च्याखुङ ग्राम प्रशासनिक केन्द्रका पञ्चायत सभापती एवं सबै सदस्यगणको उपस्थिति थियो।

कार्यक्रममा कृषि विभागका अधिकारीद्वारा दिगो कृषिका निम्ति स्वस्थ माटो र माटोको जाँचको लाभको महत्त्वमाथि प्रकाश पारियो। यस अवसरमा उपस्थित मानिसहरूलाई प्रधानमन्त्री फसल बीमा योजनाबारे अवगत गराइयो, जसबाट प्रतिकूल मौसम र अन्य व्यवधानका कारण बालीमा हुने क्षतिको समस्या भोग्नुपर्ने अवस्थाबाट कृषकहरूलाई सुरक्षा प्रदान गर्न बीमाको सुविधा प्राप्त हुँदछ। कार्यक्रमपछी लाभार्थीहरूलाई Soil Health Card वितरण गरियो, जसले किसानहरूलाई माटोको व्यवस्थापनबारे सही निर्णय गर्न सहयोग पुऱ्याउँछ।

यसरी नै SISCO ब्याङ्कका प्रतिनिधिहरूद्वारा ब्याङ्कले बहनयोग्य दरमा उपलब्ध गराउने अटल बीमा योजना र जीवन बीमा उत्पादको बारेमा लाभार्थीहरूलाई जानकार बनाउन वित्तीय साक्षरतामाथि जागरूकतामूलक सत्र आयोजन गरियो।

---------------------------------------X---------------------------------------